सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम राजस्व अनुसन्धान विभागसंग सम्बन्धित सार्वजनिक विवरण

राजस्व अनुसन्धान विभागको २०७७ साउन देखी २०७७ पुष सम्मका क्रियाकलापहरुको

स्वत प्रकाशन

(Proactive Disclours)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर।
टेलिफोन: 01-5010085, 5010106, 5010057,
फ्याक्स: 01-5524023
टोल फ्रि नं. : 1660-01-55000
इमेल: info@dri.gov.np, वेवसाइट: www.dri.gov.np

१. राजस्व अनुसन्धान विभागको स्वरुप र प्रकृतिः

राज्य सञ्चालन, विकास र समृद्धिको मूल आधार राजस्व हो। सुशासन, विकास, समृद्धि एवं सार्वजनिक व्यवहारलाई मर्यादित एवं व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि राजस्वको आवश्यकता पर्दछ। राजस्व राज्यको आर्थिक तथा सामाजिक क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्रोत भएकोले यसको प्रभावकारी परिचालनबाट मात्रै राज्यको प्रशासनिक र विकासात्मक कार्यहरु सहज ढङ्गबाट अगाडि बढाउन सकिन्छ। राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक वित्तीय साधन स्रोतको उचित रुपमा परिचालन हुन कर कानुनहरुको कडाईका साथ कार्यन्वयन हुनुपर्दछ ।सो हुन नसक्दा राजस्व चुहावटको अवस्था सिर्जना हुन्छ । देशमा सञ्चालित आर्थिक गतिविधिको अनुपातमा राजस्व सङ्कलन हुन नसक्दा वित्तीय स्रोतमा सङ्कुचन आई यसबाट मुलुकको आर्थिक, सामाजिक एवं विकास गतिविधि सञ्चालनमा बाधा पुग्ने, प्रतिस्पर्धात्मक वातावरण र क्षमतामा ह्रास तथा लगानीमैत्री वातावरणमा प्रतिकूल असर पर्न जान्छ । कुशलतापूर्वक स्रोत परिचालन गरी सुदृढ व्यवस्थापनबाट मात्रै राज्यका आर्थिक गतिविधिहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन सकिने भएकोले राजस्व चुहावट नियन्त्रण गरी राजस्व परिचालनलाई उच्च, फराकिलो र दिगो बनाउनु आजको आवश्यकता हो।

संघीय शासन प्रणालीलाई सबल र सुदृढ तुल्याउन ठूलो मात्रामा स्रोत परिचालनको आवश्यकता पर्दछ । कुल गार्हस्थ उत्पादन र राजस्वको अनुपातमा क्रमश: बृद्धि हुँदै गए तापनि औपचारिक रुपमा करको दायरामा आई कारोबार गर्ने करदाताको संख्या कूल जनसंख्याको पाँच प्रतिशतको हाराहारीमा मात्र रहेको छ। दर्ता गरी करको दायरामा आई कारोबार गर्नेको पनि सम्पूर्ण कारोवार दायरामा नआउने, करको औपचारिकता पूरा गर्न बुझाउनुपर्ने विवरण नै नबुझाउने, बुझाए पनि सहि विवरण नबुझाउने, विवरण बुझाएपनि कारोवार कम देखाउने, राजस्व दाखिला कम गर्ने एवं राजस्व दाखिला नै नगर्नेको संख्या ठूलै परिमाणमा रहेको छ। गैरकर क्षेत्र बिस्तार हुँदै जाँदा यसमा पनि चुहावट जोखिमको संभावना रहेको छ। प्रदेश सरकार र स्थानीय तहले ठूलो परिमाणमा राजस्व सङ्कलन गर्ने तर ति क्षेत्र विभागको अनुसन्धानको प्रत्यक्ष दायराभित्र नपरेकोले चुनौती थपिएको छ।

मुलुकको आर्थिक विकासको लागि कानुन बमोजिम आवश्यक राजस्व सङ्कलन गरी स्रोत परिचालनलाई बढाउन राजस्व सङ्कलनसँग सम्बन्धित निकायहरु प्रभावकारी हुनुपर्दछ। स्वयं कर निर्धारण प्रणालीमा स्वेच्छिक कर सहभागितालाई प्रवर्द्धन गर्ने र कानुन कार्यान्वयन गर्ने कार्यमा यी निकायहरुको भूमिका महत्वपूर्ण रहन्छ । राजस्व चुहावट हुन नदिन, नियन्त्रण र रोकथाम कार्यलाई प्रभावकारी बनाउन साविकमा अर्थ मन्त्रालय अन्तर्गत रहेको यस विभागलाई वि.सं. २०७४ साल फागुन देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत ल्याइएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनसम्बन्धी कसुरमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने विभागको क्षेत्राधिकार रहेको छ।

आम जनताको चाहना बमोजिम समृद्ध नेपाल: सुखी जीवन निर्माण गर्न, आर्थिक विकासको गतिलाई तीव्र पार्न आवश्यक पर्ने राजस्व परिचालनलाई प्रभावकारी बनाई कर तथा गैर करका क्षेत्रमा हुने राजस्व चुहावटलाई नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यका साथ विभाग क्रियाशील रहेको छ । प्रचलित कानुनले प्रदान गरेको क्षेत्राधिकारभित्र रही पारदर्शी एवं स्वच्छ अर्थतन्त्रको निर्माण तथा राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रण गर्ने कार्यलाई सघाउ पुर्याउन यस विभागले प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरु अबलम्बन गर्दै आएको छ। यसका लागि विभागले आफ्नो वार्षिक नीति, कार्यक्रम र योजना निर्माण गरी सोही बमोजिम क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । देशको वर्तमान वस्तुस्थितिलाई विश्लेषण गर्दा राजस्व चुहावटका गतिविधिहरुलाई नियन्त्रण गरी राजस्व परिचालन अभिबृद्धि गर्ने र स्वच्छ पारदर्शी अर्थतन्त्रको निर्माण मार्फत् समृद्धिको चाहना पुरा गराउन राजस्व अनुसन्धान विभागलाई नीति, कानुन, संगठन संरचना एवं जनशक्ति, सूचना प्रविधि तथा अन्य भौतिक स्रोत साधनले सबल र सक्षम बनाई Economic Intelligence Body को रुपमा विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

२. विभागको सोच

"राजस्व चुहावट नियन्त्रण मार्फत् स्वेच्छिक कर सहभागिताको अनुकुल वातावरण सिर्जना गरी स्वस्थ अर्थतन्त्रको निर्माणमा योगदान पुर्याउने ।"

३. उद्देश्य

प्रचलित नेपाल कानुनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण प्रयोग एवं पालना गरी प्रमाणमा आधारित अनुसन्धान पद्धतिको विकास गर्न, प्रभावकारी आर्थिक सूचना सङ्कलन, विश्लेषण र उपयोग गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शी एवं स्वच्छ अर्थतन्त्रको निर्माण, उत्तरदायी एवं व्यावसायिक प्रशासनको संस्थागत विकास मार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा विभाग केन्द्रीत रहेको छः-

- कर कानुनको कडाईका साथ परिपालना गराई राजस्व चुहावटमा संलग्न सबैमाथि अनुसन्धान तहकिकात गरी राजस्व चुहावट नियन्त्रण एवं न्यूनिकरण गर्ने ।
- सूचना, ज्ञान र प्रविधिमा आधारित अनुसन्धान पद्धति अवलम्बन गरी अबैध आर्थिक गतिविधिबाट हुने राजस्व चुहावट नियन्त्रण गर्ने ।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान एवं अभियोजन गरी प्रभावकारी नियन्त्रण गर्ने ।
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणमा नीतिगत पृष्ठपोषण गर्ने ।
- स्वच्छ, स्वत:स्फूर्त र अवरोधरहित व्यवसायिक क्रियाकलापको प्रवर्द्धनमार्फत लगानीमैत्री अनुकूल वातावरण निर्माणमा सघाउ पुर्याउने ।

४. रणनीति

तोकिएको कार्यक्षेत्र र लिएका उद्देश्य हासिल गर्न यस विभागले आफ्नो कार्यसम्पादनको सिलसिलामा देहायका रणनीतिहरू अवलम्बन गर्दै आएको छः-

- **प्रवर्द्धनात्मक उपाय (Promotional Measures):** राजस्व चुहावट गम्भिर अपराध हो भन्ने विषयलाई उद्योगी व्यवसायी र सर्वसाधरण जनतासम्म चेतना फैलाउन गोष्ठी, सेमिनार, अन्तरक्रिया, कार्यशाला, सूचना प्रसारण, संस्थागत सुदृढीकरण, कार्यप्रणाली तथा कार्यविधिमा सुधार गर्ने।
- **निरोधात्मक उपाय (Preventive Measures):** राजस्व चुहावट हुन नदिन पूर्व सावधानी अपनाउने। राजस्व सङ्कलनका नीति, विधि, प्रक्रिया र व्यवहारमा भएका त्रूटी तथा कमीकमजोरी हटाउन सुझाव दिने । तथ्यमा आधारित भएर शंकास्पद कारोबारस्थल र नाकामा निगरानी, अन्तर-निकाय सूचना आदान प्रदान र समन्वय, नियम कानुनको परिपालना, गस्ती परिचालन, आचारसंहिता निर्माण एवं परिपालन तथा व्यावसायिक कारोबारको अनुगमन गर्ने।सूचना प्रविधिमा आधारित प्रणालीको अवलम्बन गर्ने।
- **उपचारात्मक उपाय (Curative Measures):** राजस्व चुहावटको गतिविधिको सूचना सङ्कलन, विश्लेषण र राजस्व जोखिम तथा वित्तीय महत्वका आधारमा अनुसन्धान एवं अभियोजन गर्ने ।राजस्व चुहावटमा संलग्न सबै माथि कठोरता पूर्वक कानुन बमोजिम अनुसन्धान विश्लेषण गरी अदालतमा मुद्दा दायर गर्ने । विदेशी विनिमय अपचलन नियन्त्रण गर्न अनुसन्धान तथा अभियोजन गर्ने ।

५. कार्यक्षेत्र

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमावली, २०२० ले राजस्व अनुसन्धान विभागलाई कर तथा गैर कर राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रण सम्बन्धमा अनुसन्धान गर्ने र अभियोजन गर्ने मूल जिम्मेवारी तोकेको छ। प्रचलित राजस्व सङ्कलनसँग सम्बन्धित संघीय कानुन बमोजिम राज्यलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्त भयो भएन भन्ने सम्बन्धमा राजस्व अनुसन्धान विभागले प्राप्त कानुनी क्षेत्राधिकार भित्र रही राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रणको लागि निम्नानुसारका मुख्य–मुख्य कार्यहरू सम्पादन गर्दै आएको छः–

- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको भन्ने मनासिब माफिकको आधार भएमा वा शंका लागेमा उक्त व्यक्ति वा निकायको घर, गोदाम, उद्योग, कारखाना, कारोबारस्थल, सवारी साधन आदिमा खानतलासी गर्ने, आरोपित व्यक्तिलाई नियन्त्रणमा लिने, मालसामान वा कागजात कब्जामा लिने, सिलबन्दी गर्ने, रोक्का गर्ने लगायत अन्य आवश्यक कार्यहरू गरी अनुसन्धान गर्ने ।
- कुनै व्यक्ति वा निकायले राजस्व चुहावट गरेको वा राजस्व चुहावट गर्न सघाई मतियार बनेको पाइएमा विस्तृत अनुसन्धान प्रतिवेदन तयार गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने।

- राजस्व चुहावट भएको सूचना प्राप्त भई अनुसन्धान गर्दा प्रचलित कानुन बमोजिम निर्धारण गर्नुपर्ने राजस्व निर्धारण गरी असुल गर्नुपर्ने देखिएमा असुल गर्न वा राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटी सच्याउन सम्बन्धित निकायमा लेखी पठाउने।
- निकासी/पैठारी तथा आन्तरिक ओसारपसारको क्रममा हुने राजस्व चुहावट नियन्त्रणको लागि संभावित जोखिम क्षेत्रहरूमा द्रुत गस्ती, नियमित गस्ती तथा आकस्मिक गस्ती परिचालन गरी राजस्व चुहावट नियन्त्रण मार्फत आर्थिक समृद्धि हासिल गर्न योगदान गर्ने।
- राजस्व चुहावट नियन्त्रणको लागि सुराकी परिचालन गरी सूचना सङ्कलन गर्ने।
- कर तथा गैरकर राजस्व चुहावट र छली नियन्त्रणको लागि चुहावटका नवीनतम प्रवृत्तिहरुको पहिचान गर्ने र जोखिममा आधारित (Risk Based) सूचना सङ्कलन तथा विश्लेषण गरी सूचना भण्डार (Data Bank/Inventory) निर्माण गर्ने।
- राजस्व सङ्कलन गर्ने व्यक्ति तथा निकायहरूले अपनाउने प्रक्रियामा भएको कमी कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रक्रियामा सुधार गर्न सम्बन्धित निकायमा लेखी पठाउने।
- विदेशी विनिमयको अवैध रुपमा हुने सङ्कलन, संचय, ओसारपसार, अपचलन तथा अवैध कारोबार उपर निगरानी गर्ने र अनुसन्धानबाट दोषी पाइएमा मुद्धा दायर गर्ने।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरूको पहिचान गरी सो बारेमा सजगता अपनाउन राजस्व असुल गर्ने कार्यमा संलग्न सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराउने।
- राजस्व चुहावट नियन्त्रणको लागि अन्य निकायबाट प्राप्त सूचनाको विश्लेषण, परीक्षण गरी उपयोग गर्ने। राजस्व चुहावटको कसुरमा सुरक्षा निकायहरूबाट पक्राउ गरी पेश भएका व्यक्ति तथा मालसामानहरूको सम्बन्धमा अनुसन्धान तथा आवश्यक कारबाही गर्ने।
- राजस्व चुहावट नियन्त्रणको लागि सूचना प्रवाह गर्ने, सरोकारवाला निकायहरूसँग बैठक, सूचना आदान प्रदान, समन्वय र सहकार्य गर्ने।
- राजस्व चुहावट नियन्त्रण गर्न मौजुदा ऐन, नियम तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने।
- संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास तथा प्रभावकारिता बभिवृद्धि गर्दै नीतिगत तथा प्रणालीगत सुधारका लागि पहल गर्ने।

६. कानुनी अधिकार क्षेत्र

राजस्व अनुसन्धान विभागले कार्यसम्पादनका सिलसिलामा देहायका कानुनहरू प्रयोग गरी अनुसन्धान तथा अभियोजन गर्दै आएको छ।

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०,
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा नियमावली, २०२०,

यी बाहेक संघीय सरकारको राजस्व प्रशासनसँग सम्बन्धित देहायका कानुनहरु पनि विभागको कार्यसम्पादनसँग अन्तरसम्बन्धित रहेका छन् :

- सालबसाली आर्थिक ऐन
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३
- आयकर ऐन, २०५८ तथा नियमावली, २०५९
- अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९
- भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४
- गैर करको हकमा गैर करसँग सम्बन्धित ऐनहरु तथा सो सँग सम्बन्धित नियमहरु विभागको कार्यसम्पादनमा प्रयोग हुने गर्दछन्।

विभागको कार्यसम्पादनसँग सम्बन्धित महत्वपूर्ण कानुनहरुको संक्षिप्त जानकारी देहाय वमोजिम रहेको छ।

क. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०

राजस्व अनुसन्धान विभागको कार्यक्षेत्रलाई स्पष्टता दिई विभागको अनुसन्धानात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने आधार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० ले प्रदान गरेको छ। सर्वसाधारण जनताको हित र समृद्धिको अपेक्षा तथा बढ्दो आकांक्षाहरुलाई सम्बोधन गर्न देशको आर्थिक विकासलाई द्रुततर रुपमा अगाडि बढाउन राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रण गरी अधिकाधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। मूलतः कर तथा गैरकर राजस्व क्षेत्रमा हुने चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्न यस ऐनले विभागलाई अधिकार दिएको छ। यो ऐन मार्फत राजस्व

चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित निकायमा कारबाहीका लागि लेखी पठाउने वा सम्बन्धित अदालतमा राजस्व चुहावट उपर मुद्दा दायर गर्ने अधिकार विभागले प्राप्त गरेको छ।

ख. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२०

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणको लागि उक्त ऐनले प्रत्याभूत गरेको अनुसन्धान अधिकारीको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी विभागलाई रहेको छ। विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम विदेशी मुद्राको अपचलन र अवैध कारोबारको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने अधिकार अर्थ मन्त्रालयको मिति २०५९/६/१ को नेपाल राजपत्र खण्ड ५२ अतिरिक्ताङ्क ४४क. मा प्रकाशित सूचनाबाट यस विभागलाई प्राप्त भएकोमा यस सूचनालाई खारेज गरी मिति २०७५/०५/३१ मा प्रधानमन्त्री तथा मन्त्रिपिरषदको कार्यालयबाट प्रकाशित सूचना अनुसार यस विभाग र मतहतका ४ वटै कार्यालयहरुलाई रहेको छासाथै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, भन्सार कार्यालय तथा अन्य निकाय वा व्यक्तिबाट प्राप्त सूचना वा दाखिला भएको विदेशी विनिमय अपचलन सम्बन्धी कसुरको विस्तृत अनुसन्धान गरी सम्बन्धित जिल्ला न्यायाधिवक्ताको राय/परामर्शको आधारमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्दछ।

ग. राजस्व प्रशासनसँग सम्बन्धित अन्य ऐन तथा नियमावलीहरु

विभागलाई संघीय कानून बमोजिम नेपाल सरकारले सङ्कलन गर्ने राजस्व चुहावटको सम्बन्धमा अनुसन्धान तहकिकात तथा अभियोजन गर्ने जिम्मेवारी तोकिएको छ। त्यसैले राजस्व अनुसन्धान विभागको कार्सम्पादनमा नेपाल सरकारले प्रशासन गर्ने आयकर, मूल्य अभिबृद्धि कर, अन्त:शुल्क तथा भन्सार महसुलसँग सम्बन्धित ऐन कानुनहरु र गैर करसँग सम्बन्धित अन्य निकायले प्रयोग गर्ने ऐन नियमहरु अनुरुप राजस्व सङ्कलन भए नभएको, कानुनको पालना भए नभएको सम्बन्धमा अध्ययन, छानविन र विश्लेषण गरी कर तथा गैर राजस्व चुहावट भएको पाइएमा आवश्यक अनुसन्धान गर्दछ।

७. विभागको संगठन संरचना

राजस्व चुहावट नियन्त्रण कार्यलाई विशिष्टीकृतरुपमा सञ्चालन गर्न वि.सं. २०३४ सालमा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो। यस कार्यका लागि छुट्टै समर्पित इकाईको आवश्यकता भएसँगै वि.सं. २०५० सालमा राजस्व अनुसन्धान विभागको गठन भएको हो। २०६७ साल माघ १८ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य गर्न एकीकृत स्वरुपको राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई तदनुरुपको दरबन्दी समेत स्वीकृत भएको थियो।

पछि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा हुने वित्तीय लगानीलाई निवारण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८/३/१ को निर्णयबाट छुट्टै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएसँगै यस विभागको नाम पुनः राजस्व अनुसन्धान विभाग नै कायम हुन गयो। विभागलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारीलाई राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणको काममा परिचालन गर्न सक्ने व्यवस्था छ। साविकमा अर्थ मन्त्रालय अन्तर्गत रहेको विभाग नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।११।१३ को निर्णयबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मातहत ल्याइएको छ। स्वीकृत संगठन संरचना अनुसार विभाग मातहतका ४ वटा अनुसन्धान कार्यालयहरू- इटहरी, पथलैया, बुटवल र कोहलपुर रहेका छन्।

प्रारम्भमा कर राजस्वको चुहावट सम्बन्धमा मात्र अनुसन्धान र कारबाही गर्ने जिम्मेवारी पाएको यस विभागलाई आ.व. २०६५/०६६ देखि गैरकर राजस्वको समेत अनुसन्धान, तहकिकात र कारबाही गर्ने थप जिम्मेवारी दिइएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम समग्र राजस्व चुहावट र विदेशी विनिमय अपचलनको अनुसन्धान, तहकिकात र नियन्त्रण गर्ने प्राथमिक जिम्मेवारी यस विभागलाई रहेको छ।

आफूलाई तोकिएको कार्यसम्पादनका लागि राजस्व अनुसन्धान विभाग र मातहतका कार्यालयहरूमा कुल १४५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ। राजस्व अनुसन्धान विभागको प्रमुखमा नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको महानिर्देशक रहने व्यवस्था छ। महानिर्देशकको मातहतमा सोही सेवाका राजपत्राङ्कित प्रथम श्रेणीकै एक जना उप-महानिर्देशक, नेपाल प्रशासन

सेवा, राजस्व समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक-२, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक-४, लेखा समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका उप-सचिव (लेखा)-१, कानुन समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक (कानुन)-१, सरकारी वकिल समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता (स.व.)-१, राजस्व समूहका राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत-६, सामान्य प्रशासन समूहका रा.प. तृतीय श्रेणीका शाखा अधिकृत-८, लेखा समूहका राजपत्राङ्कित तृतीय श्रेणीका लेखा अधिकृत- १, न्याय सेवा, सरकारी वकिल समूहका राजपत्राङ्कित तृतीय श्रेणीका जिल्ला न्यायाधिवक्ता-१, विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका कम्प्युटर अधिकृत-१, विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका कम्प्युटर इन्जिनियर-१ र राजपत्र अनंकित र श्रेणीविहीनतर्फ-३६ जना गरी ६५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ।

विभाग मातहतका सबै कार्यालयहरूमा कार्यालय प्रमुखको रूपमा राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन समूहका द्धितीय श्रेणीका अधिकृत प्रमुख अनुसन्धान अधिकृत रहने गरी अन्य अधिकृत तथा सहायक कर्मचारीहरूको दरबन्दी रहेको छ । विभाग मातहतका कार्यालयतर्फ अधिकृतस्तरका २२ र सहायक ५८ गरी जम्मा ८० जनाको दरबन्दी रहेकोछ। विभागले विभिन्न विषयका विशेषज्ञ कर्मचारीहरूलाई काजमा झिकाई काममा लगाउन सक्ने व्यवस्था राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २६ ले गरेको हुँदा काज तथा करारमा रहने कर्मचारीको संख्यामा आवश्यकतानुसार थप घट भइरहन्छ।

८. विभागको कर्मचारी संख्या

सि.नं.	पद	श्रेणी/सेवा/समूह	स्वीकृत दरबन्दी
१	महानिर्देशक	रा.प.प्र. (प्रशासन)	१
२	उप-महानिर्देशक	रा.प.प्र. (प्रशासन)	१
३	निर्देशक	रा.प.द्वि. (राजस्व)	२
४	निर्देशक	रा.प.द्वि. (सा. प्र.)	४
५	निर्देशक	रा.प.द्वि. (कानुन)	१
६	उपन्यायाधिवक्ता	रा.प.द्वि. (स.व.)	१
७	प्रमुख लेखा नियन्त्रक	रा.प.द्वि. (लेखा)	१
८	शाखा अधिकृत	रा.प.तृ. (राजस्व)	६
९	शाखा अधिकृत	रा.प.तृ. (प्रशासन)	८
१०	शाखा अधिकृत	रा.प.तृ.(सरकारी वकिल)	१
११	लेखा अधिकृत	रा.प.तृ. (लेखा)	१
१२	कम्प्युटर इन्जिनियर	रा.प.तृ. (विविध)	१
१३	कम्प्युटर अधिकृत	रा.प.तृ. (विविध)	१
१४	ना.सु.	रा.प.अनं.प्र. (राजस्व)	७
१५	ना.सु.	रा.प.अनं.प्र. (सा. प्र.)	११
१६	कम्प्युटर अपरेटर	रा.प.अनं.प्र. (विविध)	३
१७	लेखापाल	रा.प.अनं.प्र.	१
१८	हलुका सवारी चालक	श्रेणीविहीन	६
१९	कार्यालय सहयोगी	श्रेणीविहीन	८
जम्मा			६५

सशस्त्र प्रहरी बलतर्फः सशस्त्र प्रहरी नायव उपरीक्षकको कमाण्डमा जम्मा ५० जनाको दरबन्दी रहेको छ।

९. विभागबाट प्रदान गरिने सेवा

सि.नं	कार्यहरु	आवश्यक कागजात/ प्रमाण	लाग्ने शुल्क/ दस्तुर	लाग्ने समयावधि	जिम्मेवार शाखा	जिम्मेवार पदाधिकारी	गुनासो सुन्ने अधिकारी
१	सूचना संकलन सम्बन्धी कार्य						
क.	उजुरी निवेदन प्राप्ति, फोन/ फ्याक्सवाट सूचना प्राप्ति, कन्ट्रोलरुमवाट सूचना प्राप्ति, Revenue Intelligence Unit वाट सूचना प्राप्ति, अन्य निकायवाट सूचना प्राप्ति,	निवेदन, इमेल, फ्याक्स तथा फोन गरेको पुष्टि हुने प्रमाण	नि:शुल्क	निरन्तर	योजना	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
२	गस्ती परिचालन तथा अनुगमन गर्ने						
क.	नियमित	प्राप्त सूचना	–	निरन्तर	योजना	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ख.	आकस्मिक	प्राप्त सूचना	–	आवश्यकता अनुसार	योजना	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ग.	द्रुतगस्ती	प्राप्त सूचना	–	आवश्यकता अनुसार	योजना	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
घ.	VCTS कार्यान्वयनको अनुगमन गर्ने	प्राप्त सूचना	-	आवश्यकता अनुसार	योजना/ तोकिएको शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
३	बजार अनुगमन र राजस्व चुहावट सम्बन्धी प्रारम्भिक अनुसन्धान गर्ने						
क.	शंकास्पद कारोवार स्थलको निरीक्षण गर्ने	प्राप्त सूचनाहरु	–	निरन्तर	योजना/ तोकिएको शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ख.	शंकास्पद क्षेत्रमा निगरानी राख्ने र आवश्यक परेमा खानतलासी लिने	प्राप्त सूचनाहरु	–	निरन्तर	योजना/ तोकिएको शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ग.	माल वाहक ढुवानी तथा यात्रु वाहक बसमा निगरानी राख्ने	प्राप्त सूचनाहरु	–	निरन्तर	योजना/ तोकिएको शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
४	राजस्व चुहावट सम्बन्धी विस्तृत अनुसन्धान गर्ने						

क.	भन्सार चोरी पैठारी वा राजस्व चुहावट भएका सामान कब्जामा लिने	प्राप्त सूचनाहरु, प्रतिवेदन	–	आवश्यकता अनुसार	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ख.	छानविन र मूल्याङ्कन गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिलबिजक	–	आवश्यकता अनुसार	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ग.	बयान गराउने	प्राप्त सूचनाहरु, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिलबिजक	–	आवश्यकता अनुसार	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
घ.	धरौटी माग गर्ने/ तारिखमा राख्ने/ थुनामा राख्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिलबिजक, अनुसन्धान अधिकृतको निर्णय	–	आवश्यकता अनुसार	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ङ.	उच्च सरकारी वकील कार्यालयको राय माग गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, बिलबिजक, बयान	–	आवश्यकता अनुसार	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
च.	मुद्दा दायर गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन, भन्सार प्रज्ञापनपत्र, विल बिजक, बयान, निर्णय	–	राय प्राप्त भएको एक महिना भित्र	सम्बन्धित अनुसन्धान शाखा	निर्देशक/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
५	**विदेशी विनिमय अपचलन अनुसन्धान सम्बन्धी कार्य**						

क.	सामान कब्जामा लिने	प्राप्त सूचनाहरु, प्रतिवेदन, अनुमतिपत्र	–	-	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ख.	छानविन र मूल्याङ्कन गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन, अनुमतिपत्र	–	पक्राउ परे ३०दिन/नभए अवधि छैन	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ग.	बयान गराउने	प्राप्त सूचनाहरु, प्रतिवेदन, अनुमतिपत्र	–	पक्राउ परे ३०दिन/नभए हदम्याद छैन	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
घ.	धरौटी माग गर्ने/ तारेखमा राख्ने/ थुनामा राख्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन,अनुमतिपत्र, बयान,अनुसन्धान अधिकृतको निर्णय	–	बयान सकिएपछि	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
ङ.	जिल्ला सरकारी वकील कार्यालयको राय माग गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन,अनुमति पत्र, बयान, निर्णय	–	अनुसन्धान सकिएपछि	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
च.	मुद्दा दायर गर्ने	प्राप्त सूचनाहरु, प्रतिवेदन,अनुमतिपत्र, बयान, निर्णय	–	पक्राउ परे ३०दिन/नभए हदम्याद छैन	अनुसन्धान तथा मुद्दा शाखा	उपन्याधिवक्ता/ अनुसन्धान अधिकृत	महानिर्देशक/ उप-महानिर्देशक
६	**लिलाम बिक्री सम्बन्धी कार्य**						
क.	मुल्याङकन समितिको वैठक राख्ने	-	-	आवश्यकता अनुसार	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ख.	लिलाम सम्वन्धी सूचना प्रकाशन गर्ने	–	तोकिए बमोजिम	तोकिए बमोजिम	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक

ग.	सूचना फाराम बिक्री तथा सङ्कलन गर्ने	फर्म दर्ता तथा नवीकरण, बैंक भौचर, मू.अ. कर तथा अन्तशुल्क दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र, प्रतिनिधि तोकेको पत्र	तोकिए बमोजिम	तोकिए बमोजिम	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
घ.	लिलाम सकार्नको लागि सूचना वा पत्राचार गर्ने	-	–	तोकिए बमोजिम	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ङ.	लिलाम सकार्ने व्यक्तिले ७ दिन भित्र सामान नउठाएमा धरौटी जफत गर्ने	-	–	७ दिन	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
७	**राजस्व र धरौटी सम्बन्धी कार्य**						
क.	राजस्व बुझ्ने	निवेदन, रसिदको सक्कलप्रति	नि:शुल्क	निरन्तर	आर्थिक प्रशासन शाखा	प्रमुख लेखा नियन्त्रक	महानिर्देशक/ उप-महानिर्देशक
ख.	धरौटी फिर्ता दिने	निवेदन, रसिदको सक्कलप्रति	नि:शुल्क	२ दिनभित्र	आर्थिक प्रशासन शाखा	प्रमुख लेखा नियन्त्रक	महानिर्देशक/ उप-महानिर्देशक
८	**अन्य कार्य**						
क.	भ्रष्टाचार र गुनासो सम्बन्धमा उजुरी प्राप्ति र छानविन गर्ने	उजुरी तथा निवेदन	नि:शुल्क	निरन्तर	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
ख.	सरोकारवालसँग सम्पर्क र समन्वय गर्ने	–	–	निरन्तर	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक

ग.	विभागको सूचना सम्प्रेषण गर्ने	–	निःशुल्क	निरन्तर	सामान्य प्रशासन शाखा	निर्देशक	महानिर्देशक/ उप-महानिर्देशक
घ.	सुराकी खर्च तथा सुराकी पुरस्कारको व्यवस्था गर्ने	निवेदन दर्ता भएको हुनुपर्ने इमेल तथा फ्याक्सवाट जानकारी गराएको भए सो पुष्टि हुनुपर्ने	निःशुल्क	७ दिन	योजना + आर्थिक प्रशासन शाखा	निर्देशकहरु	महानिर्देशक/ उप-महानिर्देशक

१०. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

सि.नं.	पद	नाम थर	श्रेणी/पद	शाखा	अन्य
१.	निर्देशक	श्री भविश्वर पाण्डे	रा.प.द्वितीय	प्रशासन	
२.	निर्देशक	श्री प्रेम प्र. घिमिरे	रा.प.द्वितीय	योजना अनुगमन तथा गस्ति परिचालन शाखा	
३.	उपन्यायाधिवक्ता	श्री अर्जुन प्रसाद कोइराला	रा.प.द्वितीय	अनुसन्धान तथा मुद्दा शाखा १	
४.	निर्देशक	श्री ध्यान कुमार थापा	रा.प.द्वितीय	अनुसन्धान शाखा २	
५.	निर्देशक	श्री प्रेम प्रसाद आचार्य	रा.प.द्वितीय	अनुसन्धान शाखा ३	
६.	निर्देशक	श्री उमेश श्रेष्ठ	रा.प.द्वितीय	अनुसन्धान शाखा ४	
७.	निर्देशक	श्री शिव शर्मा	रा.प.द्वितीय	अनुसन्धान शाखा ५	
८.	निर्देशक	श्री टोप वहादुर विष्ट	रा.प.द्वितीय	अनुसन्धान शाखा ६	
९.	निर्देशक	श्री भविश्वर पाण्डे	रा.प.द्वितीय	अनुसन्धान शाखा ७	
१०.	प्रमुख लेखा नियन्त्रक	श्री रुद्र कोइराला	रा.प.द्वितीय	आर्थिक प्रशासन शाखा	

११. सेवा प्रदान गर्दा लाग्ने दस्तुर

यो विभाग राजस्वसंग सम्बन्धित ऐन नियमहरुको पालना भए नभएको सम्बन्धमा अनुगमन गरी पालना नभएको पाइएमा कारवाही गर्ने (Enforcement Agency) भएकोले यहाँबाट सेवा प्रदान नहुने ।

१२. निर्णय प्रक्रिया र अधिकारी

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान ताथा नियन्त्रण) नियमावली २०७० र विदेशी विनिमय (नियमित गर्ने) ऐन,२०१९ मा व्यवस्था भए बमोजिम दैनिक कार्य सम्पादन हुने गरेको छ । साथै, विषयगत एवं नीतिगत रुपमा गर्नु पर्ने निर्णयहरुको स्विकृतीको लागि प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालयमा लेखी पठाउने गरेको छ ।

१३. निर्णय उपर उजुरी सुन्ने अधिकारी

श्री दीर्घराज मैनाली, महानिर्देशक, राजस्व अनुसन्धान विभाग

१४. सम्पादन गरेका कामहरुको विवरण २०७७ साउन देखि २०७७ पुष मसान्तसम्म

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
१	राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन बमोजिमको अनुसन्धान			
क.	प्रत्यायोजित अधिकार बमोजिम प्राप्त फाइल संख्या	५८	०	५८
ख.	अघिल्लो आ.व. को अ. ल्या. उजुरी निवेदन/फाइल संख्या	२१०	१२५	३३५
ग.	यस आ.व. मा प्राप्त उजुरी निवेदन/फाइल संख्या	२४५	२३८	४८३
घ.	**जम्मा उजुरी निवेदन/फाइल संख्या (क+ख+ग)**	५१३	३६३	८७६
ङ.	प्रारम्भिक अनुसन्धान शुरु गरिएको जम्मा सँख्या	४०१	३३७	७३८
च.	प्रारम्भिक अनुसन्धानवाट अन्य निकायमा पठाएको सँख्या	६७	०	६७
छ.	प्रारम्भिक अनुसन्धानवाट तामेलीमा राखिएको सँख्या	३	४२	४५
ज.	प्रारम्भिक अनुसन्धानबाट विस्तृत अनुसन्धानमा गएको सँख्या	१३३	१८२	३१५
झ.	प्रारम्भिक अनुसन्धान सम्पन्न हुन बाँकी जम्मा सँख्या [ङ-(च+छ+ज)]	१९८	११३	३११
ञ.	अघिल्लो आ.व. को अ. ल्या./ विस्तृत अनुसन्धान शुरु भएको संख्या	१५३	१८	१७१

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
ट.	**विस्तृत अनुसन्धान शुरु गरिएको जम्मा संख्या (ज+ञ)**	२८६	२००	४८६
ठ.	विस्तृत अनुसन्धानबाट सूचना तामेली संख्या	१	११	१२
ड.	दफा १३क(२) वमोजिम लेखी पठाएको संख्या	२७	९	३६
	भन्सार विभाग (संख्या)	१७	२	१९
	(रकम रु.)	१६३५६३९७९४	५५०२३७३	१६४११४२१६७
	आन्तरिक राजस्व विभाग (संख्या)	१२	२	१४
	(रकम रु.)	१५०८३६०३८	१४१८०७६.३५	१५२२५४१११.४
	अन्य निकाय (संख्या)	०	५	५
	(रकम रु.)	०	२६४२९८९	२६४२९८९
ढ.	VCTS मा जरिवाना गरेका ढुवानी संख्या	१४	३०४	३१८
	VCTS मा जरिवाना गरिएको रकम	२०००००	११००००००	१३००००००
ण.	अदालतमा दर्ता गरिएका मुद्दाको संख्या	६६	९	७५
त.	अदालतमा दर्ता भएका मुद्दाको प्रतिवादी संख्या	१६१	२२	१८३
	स्वदेशी : महिला प्रतिवादी संख्या	८	४	१२
	पुरुष प्रतिवादी संख्या	१४०	१७	१५७
	विदेशी : महिला प्रतिवादी संख्या	०	०	०
	पुरुष प्रतिवादी संख्या	५	५	१०
थ.	**विस्तृत अनुसन्धान सम्पन्न भएको जम्मा सँख्या (ठ+ड+ढ)**	९४	३०	१२४
द.	प्रतिवेदन अनुसार बिगो कायम भएको मुल्य रु.	८३३७४२०४८८	२७९७३३९६६२	१११३४७६०१५०
ध.	सजाय माग रकम रु.	१२४०८४८५२०६	५६६४४८३४९५	१८०७२९६८७००
न	धरौटी माग गरिएको रकम रु.	६०४४२४७२.५	६५११२१३१	१२५५५४६०३.५

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
प	धरौटी दाखिला भएको रकम रु.	६४५२८८२८.५	२३०२८१९३	८७५५७०२१.५
फ.	अदालतबाट फैसला भएको मुद्दा संख्या	०	०	०
ब.	अदालतबाट फैसला हुन बाँकी मुद्दा संख्या	५८	३६	९४
२	विदेशी विनिमय अपचलन तथा हुण्डी तर्फको अनुसन्धान			
क.	प्रत्यायोजित अधिकार बमोजिम प्राप्त फाइल संख्या	०	०	०
ख.	अघिल्लो आ.व. को अ. ल्या. उजुरी निवेदन/फाइल संख्या	१७२	१४	१८६
ग.	यस आ.व. मा प्रप्त उजुरी निवेदन/फाइल संख्या	१६	१८	३४
घ.	**जम्मा उजुरी निवेदन/फाइल संख्या (क+ख+ग)**	१८८	३२	२२०
ङ.	प्रारम्भिक अनुसन्धान शुरु गरिएको जम्मा सँख्या	१८१	३२	२१३
च.	प्रारम्भिक अनुसन्धानवाट अन्य निकायमा पठाएको सँख्या	०	०	०
छ.	प्रारम्भिक अनुसन्धानवाट तामेलीमा राखिएको सँख्या	३	०	३
ज.	प्रारम्भिक अनुसन्धानबाट विस्तृत अनुसन्धानमा गएको सँख्या	७	२५	३२
झ.	प्रारम्भिक अनुसन्धान सम्पन्न भएको जम्मा सँख्या [ङ-(च+छ+ज)]	१७१	७	१७८
ञ.	सोझै विस्तृत अनुसन्धान शुरु भएको संख्या	०	४	४
ट.	**विस्तृत अनुसन्धान शुरु गरिएको जम्मा संख्या (ज+ञ)**	७	२९	३६
ठ.	विस्तृत अनुसन्धानबाट सूचना तामेली संख्या	५	०	५
ड.	अदालतमा दर्ता गरिएका मुद्दाको संख्या	१०	५	१५
ढ.	अदालतमा दर्ता भएका मुद्दाको प्रतिवादी संख्या	३८	१९	५७
	स्वदेशी : महिला प्रतिवादी संख्या	१	२	३
	पुरुष प्रतिवादी संख्या	२९	१५	४४
	विदेशी : महिला प्रतिवादी संख्या	०	०	०

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
	पुरुष प्रतिवादी संख्या	७	४	११
ण.	**विस्तृत अनुसन्धान सम्पन्न भएको जम्मा सँख्या (ठ+ड)**	१५	५	२०
त.	प्रतिवेदन अनुसार बिगो कायम भएको मुल्य रु.	५४३३१७६५७१	४४४५३८२९७४	९८७८५५९५४६
थ.	सजाय माग रकम रु.	११४७१८३०३६१	१३३४३३५२१४७	२४८१५१८२५०८
द.	धरौटी माग गरिएको रकम रु.	२१५१०१	१३००७६३	१५१५८६४
ध.	धरौटी दाखिला भएको रकम रु.	२१५१०१	१३००७६३	१५१५८६४
न.	अदालतबाट फैसला भएको मुद्दा संख्या	०	०	०
प.	अदालतबाट फैसला हुन बाँकी मुद्दा संख्या	१	३३	३४
३	अनुसन्धान अधिकृत तोकिएको संख्या			
क.	अनुसन्धान अधिकृत तोकिएको संख्याः	१४५	१४२	२८७
ख.	विस्तृत अनुसन्धान सुरु गरिएको संख्या(१ज+२ज)	१४०	२०७	३४७
ग.	विस्तृत अनुसन्धान सम्पन्न भएको संख्या(१थ+२ण)	१०९	०	१०९
४	कुल विगो/धरौटी विवरण			
क.	**प्रतिवेदन अनुसार विगो कायम भएको मुल्य रु. (१द+२त)**	१२९११०७४३३२	७२४२७२२६३७	२०१५३७९६९६९
ख.	**सजाय माग गरिएको रकम रु. (१ध+२थ)**	२३०२०७९२८४०	१९००७८३५६४२	४२०२८६२८४८२
घ.	**धरौटी माग गरिएको रकम (१न+२द)**	६०६५७५७३.५	६६४१२८९४	१२७०७०४६७.५
ङ.	**धरौटी दाखिला रकम (१प+२ध)**	६४७४३९२९.५	२२८१०७७१	८७५५४७००.५
५	ढुवानी चेकजाँच/गस्ती परिचालनतर्फ			
क.	नियमित गस्ती संख्या	८२	२०५	२८७
ख.	आकस्मिक गस्ती संख्या	१५	४५	६०
ग.	द्रुत गस्ती संख्या	०	०	०
घ.	**जम्मा गस्ती संख्या**	९७	२५०	३४७

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
६	प्रशासनिक तथा आर्थिक क्रियाकलाप			
६.१	**प्रशासनिक क्रियाकलाप**	०	०	०
क.	फर्निचर तथा मेशीनरी औजार खरिद	०	७८६५७.७६	७८६५७.७६
ख.	मालसामान लिलाम तथा बिक्री	०	१७३९५८२३.८५	१७३९५८२३.८५
ग.	जनशक्ति व्यवस्थापन	०	०	०
घ.	छपाई तथा प्रकाशन	०	०	०
ङ.	भौतिक पूर्वाधार निर्माण तथा मर्मत	०	४८७८१८.६७	४८७८१८.६७
च.	सूचना तथा अभिलेख व्यवस्थापन	०	०	०
६.२	**आर्थिक क्रियाकलाप**	०	०	०
क.	चालू खर्च	३११७९११९७.००	३१७७४११४.९१	६२९५३३११.९१
ख.	पूँजीगत खर्च	१३१२१७१.००	११५२७३७.३७	२४६४९०८.३७
ग.	राजस्व संकलन/दाखिला रकम रु.	८०१०८८७.२१	३०५११५७६.७९	३८५२२४६४.००
घ.	धरौटी दाखिला रकम रु.	१४६८५२८६५.६६	२७०८३७९६०.२	४१७६९०८२५.८२
ङ.	धरौटी फिर्ता रकम रु.	१४१२५८९७४.००	४९८३०४२७.७६	१९१०८९४०१.७६
च.	पेश्की दिइएको रकम	०	०	०
छ.	पेश्की फर्छ्यौट रकम	०	०	०
ज.	बेरुजु रकम	७९२७५८३६.००	२०६२०१६४	९९८००००.००
झ.	बेरुजु फर्छ्यौट रकम	४५२४००००.००	२६०००००	४७८४००००.००
ञ.	बेरुजु फर्छ्यौट प्रतिशत	५७.०६	१२.६१	४७.८८
६.३	**अन्य**			
क.	क्षमता विकास तालिम/प्रशिक्षण	०	२	२
ख.	अनुगमन	०	०	०

सि.नं.	क्रियाकलाप	राजस्व अनुसन्धान विभागको पौष महिना सम्मको प्रगती	राजस्व अनुसन्धान कार्यालयहरुको पौष महिना सम्मको प्रगती	कुल जम्मा पौष महिना सम्मको प्रगती
ग.	सूचना प्रविधि (सफ्टवेर निर्माण तथा विकास)	०	०	०
घ.	जनचेतनामूलक कार्यक्रम संचालन	०	१	१
ङ.	नीति/योजना/कार्ययोजना/आचारसंहिता निर्माण र कार्यान्वयन	०	१	१

१५. सूचना अधिकारीको र प्रमुखको नाम पद

- विभागीय प्रमुखको नाम- दीर्घराज मैनाली (पद- महानिर्देशक)
- सूचना अधिकारीको नाम – भविश्वर पाण्डे (पद- निर्देशक)

१६. ऐन नियम र निर्देशिकाको सूचि

राजस्व अनुसन्धान विभागले कार्यसम्पादनका सिलसिलामा देहायका कानुनहरु प्रयोग गरी अनुसन्धान तथा अभियोजन गर्दै आएको छ।

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०
- विदेशी विनिमय (नियमित गर्ने) २०१९ तथा नियमावली, २०२०

यी बाहेक संघीय सरकारको राजस्व प्रशासनसँग सम्बन्धित देहायका कानुनहरु पनि विभागको कार्यसम्पादनसँग अन्तरसम्बन्धित रहेका छन्।

- सालबसाली आर्थिक ऐन
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३
- आयकर ऐन, २०५८ तथा नियमावली, २०५९
- अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९
- भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४
- गैर करको हकमा गैर करसँग सम्बन्धित ऐनहरु तथा सो सँग सम्बन्धित नियमहरु विभागको कार्यसम्पादनमा प्रयोग हुने गर्दछन्।

निर्देशिका/कार्यविधि

- सुराकी खर्च मापदण्ड कार्यविधि,२०७३
- सुराकी खर्च परिचालन कार्यविधि,२०६८
- राजस्व गस्ती परिचालन सम्बन्धी निर्देशिका, २०७५

१७.विभागको वेवसाईट र इमेल ठेगाना:

Webadress: www.dri.gov.np E-mail: info@dri.gov.np

१८. विभागले संचालन गरेको कार्यक्रम

१९. विभागले वर्गिकरण तथा संरक्षण गरेका सूचनाको नामावली र त्यसको सूचना संरक्षण

गर्न तोकिएको समायावधी

विभागबाट हाल सम्म सूचना वर्गिकरणको कार्य हुन नसकेको।

२०. विभागमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः

यस विभागबाट माग भएका सूचनाहरु समयमै उपलब्ध गराउने गरिएको।

२१.विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः

विभागको गतिविधि तथा सूचनाहरु राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकाहरुमा प्रकाशन गर्नुका साथै विभागको वेभसाईट www.dri.gov.np मा राख्ने गरिएको।

२२. तोकिए वमोजिमका अन्य विवरणः

विभागले राजस्व चुहावटलाई प्रभापकारी रुपमा नियन्त्रण गर्न गस्ती परिचालन गर्ने, संकास्पद कारोबार स्थलमा छापा मार्ने, मालसामान कब्जामा लिने, जफत गर्ने, लिलाम गर्ने र मुद्दा दायर गर्ने कार्य गर्दै आएको छ।